आज मिति २०७६/११/०७ बुधबार बिहान ११ बजे यस भोटेकोशी गाँउपालिकाका अध्यक्ष श्री राजकुमार पौडेल ज्यूको अध्यक्षतामा गाउँपालिकाको सभाहलमा गाउँकार्यपालिकाको बैठक बसी तपशील बमोजिमको निर्णय गरियो ।

| सि.नं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राजकुमार पौडेल | अध्यक्ष | |
| २ | श्री दाबुटी शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मुके शेर्पा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री दिपेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री कैलाश पौडेल | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री साङदोर्जे शेर्पा | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री सुपा लामा | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री लक्ष्मी प्रधान | कार्यपालिका सदस्य | |
| ९ | श्री राजु घतानी | कार्यपालिका सदस्य | |
| १० | श्री फुर्वा साङवु शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री पेमा डोल्मा तामाङ | कार्यपालिका सदस्य | |
| १२ | श्री पासाङ डोमा तामाङ | कार्यपालिका सदस्य | |
| १३ | श्री आकृति वि.क | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहन प्रसाद निरौला | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १. | श्री सविन प्रजापति | सूचना प्रविधि अधिकृत | |

प्रस्तावहरू :

१. आ.व २०७७/०७८ को आन्तरीक राजस्वको प्रक्षेपण सम्बन्धमा ।

२. आ.व २०७७/०७८ को लागि आय व्ययको प्रक्षेपण सम्बन्धमा ।

३. आ.व. २०७७/०७८ को लागि स्थानीय पूर्वाधार विकास क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुङगे पुल माग गर्ने सम्बन्धमा ।

४. चाकु नारायणथान सडकको Alignment परिवर्तन सम्बन्धमा ।

५. सार्वजनिक विदा सम्बन्धमा ।

६. आ.व. २०७६/०७७ अर्ध वार्षीक प्रगती विवरण सम्बन्धमा ।

७. पाँचौ गाउँसभा सम्बन्धमा ।

८. तालीममा मनोनयन सम्बन्धमा ।

९. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६

१० गाउँकार्यपालिकाको भवन सम्बन्धमा ।

११ जिल्ला प्रशासन कार्यालयबाट प्रास पत्र सम्बन्धमा ।

१२ विविध ।

निर्णयहरू :

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनको अधिनमा रही गठित राजस्व परामर्श समितिले आफ्नो कार्य क्षेत्र भित्र परिचालन गर्न सक्ने आ.व. २०७७/०७८ को लागि आन्तरीक राजस्वको श्रोत, दायरा र दर समेत विश्लेषण गरी पेश गरेको शीर्षकगत तपशील बमोजिमको आन्तरीक राजस्व आ.व. २०७७/०७८ मा संकलन गर्ने प्रयोजनार्थ स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र. सं | संकेत नंबर | राजस्व शीर्षक | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | घरधुरी कर/ सम्पति कर | 265000 | |
| २ | ११३१४ | मालपोत वा भुमिकर | 100000 | |
| ३ | ११३२१ | घर बहाल कर | 60000 | |
| ४ | १४२५३ | व्यवसाय कर/ दर्ता तथा नवीकरण | 452900 | |
| ५ | ११६३२ | जडीबुटी, कवाडी र जीवजन्तु कर | 56000 | |
| ६ | १४२४१ | पार्किङ तथा पटके प्रवेश शुल्क | 200000 | |
| | १४२२९ | बोलपत्र फाराम विक्री दस्तुर तथा अन्य प्रशासनिक शुल्क | 30000 | |
| ७ | १४२४३ | सिफारिस दस्तुर | 20000 | |
| ८ | १४२१९ | अन्य शेवा शुल्क, ढुंगा, गिटी समेत | 39600 | |
| ९ | १४५२९ | अन्य राजस्व | | |
| | | भोटेकोशी पावर कम्पनी | 4950000 | |
| | | मध्य भोटेकोशी हाईड्रो पावर | 7000000 | |
| | | शिवश्री हाईड्रो पावर | 900000 | |
| | | द लास्ट रिसोर्ट | 800000 | |
| | | **जम्मा** | 14873500 | |

२. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१ बजेटको पूर्व तयारी अन्तर्गत आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण राजस्व परामर्श समिति र स्रोत अनुमान समितिको सिफारिसमा गाँउकार्यपालिकाबाट निर्णय गरी प्रत्ये बर्षको पौष मसान्त भित्र सङघीय अर्थ मन्त्रालयमा पेश गर्नु पर्ने कानुनी व्यवस्था बमोजिम आ. व २०७७/०७८ को लागि तपशील बमोजिमको आय व्यय प्रक्षेपण भएको

प्रमुख प्रशासकीय अधिकृत

जानकारी पठाउन गाँउकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशील :**

| | | | |
|---|---|---|---|
| **आय तथा व्ययको प्रक्षेपण** | | | |
| आर्थिक वर्ष २०७७/०७८ | | | |
| शीर्षक | | आ.व २०७६/०७७ को संसोधित अनुमान | आ.व ०७७/०७८ को अनुमान |
| राजस्व/ आय | | | |
| 1 | आन्तरीक राजस्व : | | |
| 1.1 | घरधुरी कर | 200000 | 265000 |
| 1.2 | मालपोत वा भुमिकर | 97000 | 100000 |
| 1.3 | घर बहाल कर | 50000 | 60000 |
| 1.4 | व्यवसाय कर | 415000 | 452900 |
| 1.5 | जडीबुटी, कवाडी र जीवजन्तु कर | 50000 | 56000 |
| 1.6 | पार्किङ तथा पटके प्रवेश शुल्क | 100000 | 200000 |
| 1.7 | सिफारिस दस्तुर तथा बोलपत्र फाराम विक्री दस्तुर | 25000 | 30000 |
| 1.8 | शेवा शुल्क | 18000 | 20000 |
| 1.9 | अन्य राजस्व | 13650000 | 13650000 |
| | जम्मा | 14605000 | 14833900 |
| 2 | **संघीय सरकारबाट प्राप्त हुने अनुदान** | | |
| 2 | राजस्व बाँडफाड | 82032896 | 101410500 |
| 2.1 | मुल्य अभिबृद्धी कर तथा अन्त शुल्क | 51557928 | 59300000 |
| 2.2 | प्राकृतिक श्रोतको रोयल्टी | **15237484** | 21575000 |
| 2.3 | पर्वतारोहण | 1921 | 5000 |
| 2.4 | विध्युत | 15227813 | 20515500 |
| 2.5 | वन | 0 | 0 |
| 2.6 | खानी तथा खनिज | 7750 | 15000 |
| 2.7 | पानी तथा अन्य | 0 | 0 |
| 2.8 | प्राकृतिक श्रोत | 0 | 0 |
| 3 | वित्तीय हस्तान्तरण | 0 | 0 |
| 4 | नेपाल सरकार बाट प्राप्त हुने अनुदान | 0 | 0 |
| 4.1 | वित्तीय समानीकरण अनुदान | 107500000 | 129500000 |
| 4.2 | शसर्त अनुदान | 88200000 | 101500000 |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| 4.3 | समपुरक अनुदान | 12000000 | 20000000 |
| 4.4 | विषेस अनुदान | 15000000 | 30000000 |
| 5 . | प्रदेश सरकार बाट प्राप्त हुने अनुदान | | |
| 5.1 | वित्तीय समानीकरण अनुदान | 9845000 | 15000000 |
| 5.2 | शसर्त अनुदान | 24500000 | 37500000 |
| 5.3 | राजस्व बाँडफाड | 14743000 | 19500000 |
| 5.4 | समपुरक अनुदान | 10000000 | 20000000 |
| 5.5 | विषेस अनुदान | 0 | 0 |
| 5.6 | वित्तीय व्यवस्था (प्राप्ति) | 0 | 0 |
| 6 | अन्तर स्थानीय तह साझेदारी/जिल्ला समन्वय समिति | 30000000 | 0 |
| 7 | अन्य/ सामाजिक सुरक्षा भत्ता | 45000000 | 51500000 |
| 8 | सडक बोर्ड नेपाल | 500000 | 1000000 |
| 9 | एल जी सी डि पी | 390000 | 390000 |
| | **कुल जम्मा** | **439710896** | **564,800,500** |
| 1 | व्यय : | | |
| 1.1 | चालु/स्वास्थ्य/शिक्षा/ कृषि/ पशु | 119510000 | 127500000 |
| 1.2 | पारिश्रमिक | | |
| 1.3 | मालसामान तथा सेवाको उपयोग (तालीम समेत) | | |
| 1.4 | व्याज र सेवा खर्च | | |
| 1.5 | अनुदान | | |
| 2 | सामाजिक सुरक्षा | 45000000 | 51500000 |
| 3 | अन्य खर्च | | |
| 4 | पूजीगत | 375700896 | 392,050,912 |
| 4.1 | जग्गा | | |
| 4.2 | भवन | | |
| 4.3 | फर्निचर | | |
| 4.4 | सवारी साधन | | |
| 4.5 | मेसीनरी औजार | | |
| 4.6 | सार्वजनिक निर्माण | | |
| 4.7 | पुजिगत अनुसन्धान तथा परामर्श | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| 4.7 | अन्य | | |
| 4.8 | वित्तीय व्यवस्था (भुक्तानी) | | |
| | जम्मा | | |
| 9 | बजेट बचत (+)/ न्युन (-) | | |
| 10 | ऋण | | |
| 11 | आन्तरीक | | |
| 12 | बाह्य | | |
| 13 | गत बर्षको मौजात | 60000000 | 5250412 |
| | कुल जम्मा | 480210896 | 565800500 |

३. यस गाँउपालिका क्षेत्र भित्र रहेका खहरे खोल्सा तथा अन्य खोलाहरुमा झोलुङ्गे पूलहरूको अभावमा स्थानीय जनजीवन कष्टपूर्ण रहेको विषयलाई हृदयंगम गरी आगामी आ.व. २०७७/०७८ मा सञ्चालन हुने तपशील अनुसारका झोलुङ्गे पूलहरूको झोलुङ्गे पूल क्षेत्रगत कार्यक्रम अन्तर्गत स्थानीय पूर्वाधार विकास विभागमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**तपशील :**

क. घट्टेखोला झोलुङ्गे पूल, भोटेकोशी गाँउपालिका वडा नं १ (काङ्लाङ र घ्याङ्सीङ जोड्ने) ।

ख. घिप्चे र फिरफिरे खोला झोलुङ्गे पूल, भोटेकोशी गाँउपालिका वडा नं १

ग. छ्यादी खोला झोलुङ्गे पूल, मार्मिङ भोटेकोशी गाँउपालिका वडा नं ५

४. मिति २०७६/०८/०९ गते गाँउपालिका अध्यक्ष श्री राजकुमार पौडेल अध्यक्षतामा बसेको स्थानीय भेलाले निर्माण भईरहेको चाकु नारायणथान देउढुङ्गा मोटरबाटोको ठेक्का सम्झौता अनुसारको आयोजनाको DPR बमोजिमको रेखांकन अनुसार स्थानीय नागरीकहरूले निर्माण गर्न निर्माण व्यवसाहीलाई पटक पटक अवरोध गरी DPR मा उल्लेख भएको Alignment अनुसार निर्माण गर्न नदिएकोले उक्त सडकको नयाँ Alignment (रेखांकन) तयार गरी निर्माण कार्य अगाडी बढाउन गाँउकार्पालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. शेर्पा समुदायले मनाउने गरेको ग्याल्पो ल्होसारको सम्बन्धमा स्थानीय नागरीकले पटक पटक कम्तीमा ५ दिन स्थानीय विदाको लागि अनुरोध भइ

प्रमुख प्रशासकीय अधिकृत

आए बमोजिम यस बर्षको ग्याल्पो ल्होसारमा मिति २०७६/११/११ देखि २०७६/११/१३ सम्म ३ दिन गाउँपालिका अन्तरगतका सबै कार्यालयहरूमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

६. प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका बैठकमा पेश गरेको आ.व. २०७६/०७७ को अर्धवार्षीक आर्थिक तथा भौतिक प्रगतिको बारेमा बृहत्त रुपमा छलफल भयो ।छलफलमा मिति २०७६/०३/२४ गते बसेको गाउँसभा बैठकको निर्णयानुसार योजना र कार्यक्रमहरु कार्यान्वयनमा रहेको पाइयो। सभाको म्यान्डेट बमोजिमनै चैत्र मसान्त भित्र योजना सम्पन्न गर्ने उद्देश्य अनुसार गाउकार्यपालिकाको कार्यालयबाट काम भईरहेको देखियो । यध्यपी कार्यालयको दरबन्दी अनुरुप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समायोजन भएका कर्माचारीहरु अन्यत्र सरुवा मिलान गरी यस गाउँपालिकामा हाजीर हुन नआएकोले यस आ.व. २०७६/०७७ आर्थिक तथा भौतिक प्रगती तुलनात्मक रुपमा कम हुन गएको देखियो ।यसर्थ कार्यालयको समग्र प्रगतीले आगामी आ.व २०७७/०७८ मा समेत प्रभाव पार्न सक्ने विषयलाई मध्यनजर गरी कामलाई शीघ्र रुपमा अगाडि बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. गाउँपालिकोको समग्र विकास निर्माण, योजना कार्यान्वयको अवस्था लगायतका विषयमा गाउँसभाका सदस्यहरुलाई जानकारी गाराउन मिति २०७६/११/२८ पाँचौ गाउँसभाको बैठक बोलाउन गाँउकार्यपालिकाको कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

८. विकास आन्तरीकीकरण गर्ने एउटा प्रमुख तरिका अध्ययन, अवलोकन तथा भ्रमण हो ।शुसासन र विकासको समग्र अवस्था अध्ययन गरी त्यसलाई अनुशरण गर्न तथा फोहोरमैला व्यवस्थापनको उचित पद्धती अवलम्वन गर्न विकासको राम्रो पालना भएका राज्यहरुको भ्रमण गर्न आवश्यक छ । भोटेकोशी गाउँपालिकालाई

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

अध्यक्ष

प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पनि व्यवस्थित तथा नमुना गाउँपालिकाको रुपमा रुपान्तरण गर्न यस गाउँपालिकाको उपाध्यक्ष श्री दाबुटी शेर्पा लामालाई डेनमार्क, स्वीडेन र नर्वेको लागि ७ (सात) दिने तालीममा मनोनयन गरी भोटेकोशी गाउँपालिकाको तर्फबाट भाग लिन पठाउने निर्णय गरियो ।

९ स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित गर्ने निर्णय गरियो ।

१० संघीय कार्यान्वयन पश्चात गठित यस भोटेकोशी गाउँपालिकाले सेवा प्रवाहलाई व्यवस्थित गर्दै गईरहेके छ । यद्यपी सेवा प्रवाहलाई व्यवस्थित गर्न गाउँपालिका आफ्नै भवन नभएकोले जनआकांक्षा बमोजिम सेवा प्रवाह हुन सकिरहेको छैन । भवन निमार्णको लागि गाउँपालिकाको नाममा कुनै पनि स्थानमा आवश्यक जग्गा नभएकोले मिति २०७५।७।२५ को कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पत्रबाट निर्देशन भए बमोजिमको यस हिन्दी बजार परीसरमा अवस्थित साविक जिल्ला पशु सेवा फर्मको नाममा रहेको कि नं ३६७ क्षेत्रफल ६–१२–०–३ को जग्गामा गाउँपालिकाको भवन निर्माण गर्नृ सर्वसहमतिबाट निर्णय गरियो ।

११ जिल्ला प्रशासन कार्यालय चोताराको मिति २०७६।१०।२० को पत्रको सम्बन्धमा बैठकमा जानकारी गराईयो । उक्त पत्रका सम्बन्धमा सबै वडा कार्यालय तथा स्थानीय प्रहरी कार्यालय मार्फत सूचना प्रवाह गरी सडक अधिकार अतिक्रमण रोक्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

१२ प्रस्ताव १२ मा छलफल गर्दा अन्य विषय नभएकोले कार्यपालिकाके अर्को बैठक आवश्यकताअनुसार बस्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३